नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## विपत्तिमा सहयोग गर्नु सच्चा सामाजिक उत्तरदायित्व : गभर्नर डा. नेपाल

नेपाल राष्ट्र बैंकद्वारा २०७२ साल जेठ १९ गते आयोजित एक समारोहलाई गभर्नर डा. चिरंजीबि नेपालले सम्बोधन गर्नुभयो । वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंक र वित्त कम्पनीका सञ्चालक समितिका अध्यक्षहरूको सहभागिता रहेको सो समारोहमा



गभर्नर डा. नेपालले गत वैशाख १२ र २९ गते आएका शक्तिशाली भूकम्पहरू र त्यसपछि निरन्तर आएका पराकम्पनका कारण मुलुकको भौतिक संरचना क्षतिग्रस्त भई देश अहिले अत्यन्त सङ्कटको घडीमा गुज्रिरहेको हुँदा यस विपत्तिको सामना गर्नका लागि हरेक क्षेत्रबाट सहयोग गर्नु सबैको कर्तव्य भएको र यो विपत्तिमा बैंक तथा वित्तीय संस्थाबाट समेत सक्दो सहयोगको अपेक्षा गर्नुभयो ।

अर्थतन्त्रमा मन्दी आएमा यसबाट मुक्त हुनका लागि अझ ठूलो मूल्य चुकाउनुपर्ने बताउनुहुँदै गभर्नर डा. नेपालले अर्थतन्त्रमा उत्साह र आशाको सञ्चार गराइराख्नका लागि पनि वित्तीय क्षेत्रको ठूलो भूमिका रहने हुँदा यसतर्फ दिल खोलेर सहयोग गर्न आग्रह गर्नुभयो । विपत्तिमा गरेको सहयोग नै वास्तविक संस्थागत सामाजिक उत्तरदायित्व हुने बताउँदै उहाँले यस्तो अवस्थामा गरेको सहयोगलाई नै राज्यले पहिचान गर्ने बताउनुभयो ।

आर्थिक वर्षको अन्ततिर आएको आर्थिक-भौतिक क्षतिले गर्दा यो वर्षको आर्थिक वृद्धिदरमा पूर्वानुमान गरिएको दरमा केही गिरावट आउने अनुमान गरिए पनि आगामी वर्षहरूमा यसको प्रभाव परिरहने धारणा राख्दै उहाँले यो वर्ष निर्यातको अवस्था अपेक्षाकृत रूपमा बढ्न नसकेको तर आयात अत्यधिक बढ्दै गएको अवस्था रहे पनि विदेशी विनिमय सञ्चिति र रेमिट्यान्स वृद्धिदरको अवस्था सन्तोषजनक रहेकाले अर्थतन्त्र सुविधाजनक नै रहने आशा व्यक्त गर्नुभयो ।

बैंक तथा वित्तीय संस्था सङ्कटमा पर्दा राज्यले उद्धार (Bailout) लगायतका विभिन्न माध्यमबाट सहयोग पुर्‍याउने भएको हुँदा राज्यलाई सङ्कट परेको बेला वित्तीय क्षेत्रले पनि सक्दो सहयोग पुर्‍याउनु कर्तव्य रहेको उहाँले स्पष्ट पार्नुभयो ।

भूकम्पको भोलिपल्ट १३ गतेदेखि नै बैंकिङ सेवा सुचारु गरेकामा उहाँले बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन पक्षलाई धन्यवाद दिनुभयो । उहाँले विपत्तिको अवस्थामा गरेको सहयोगको पहिचान दशकौंसम्म हुने भन्नुहुँदै यो विषय गाह्रो भएर पनि अपरिहार्य रहेको स्पष्ट पार्नुभयो ।

बैंक तथा वित्तीय संस्थाबाट दुई प्रतिशत ब्याजदरमा कर्जा प्रवाह गर्ने गरी नेपाल राष्ट्र बैंकले शून्य ब्याजदरमा पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था मिलाएको र यो वर्तमानको

आवश्यकता भएको बताउँदै गभर्नर डा. नेपालले मुलुकको जटिल परिस्थितिलाई बैंक तथा वित्तीय संस्थाहरुले बोध गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । अहिलेको अवस्थामा वित्तीय क्षेत्रको कर्जा-निक्षेप अनुपात तथा अनिवार्य नगद अनुपात लगायतका विद्यमान व्यवस्था लचिलो बनाउन सरोकारवाला क्षेत्रबाट अनुरोध भई आएमा यस विषयमा छलफल गर्न बैंक तयार रहेको उहाँले जानकारी दिनु भएको थियो ।

सो कार्यक्रममा डेपुटी गभर्नर गोपालप्रसाद काफ्ले तथा बैंकका उच्च पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

**२०७२ जेठ १९ गते, मङ्गलबार**

**गभर्नरको कार्यालय**